राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

Website:www.rainasmun.gov.np
Email : rainasmunicipality@gmail.com
Cell No. : 9760814943

पत्र संख्या : २०८०/८१/प्रशासन
चलानी नं. ७७८

मिति : २०८०।०७।२४

विषय : मिति २०८०।७।१३ गतेको नगरकार्यपालिकाको ३७ औं बैठकबाट भएका निर्णयहरु जानकारी एवम् कार्यान्वयनको लागि पठाइएको बारे ।

श्रीमान् नगर प्रमुख ज्यू, राइनास न.पा.,
श्रीमान् नगर उप-प्रमुख ज्यू, राइनास न.पा.,
श्रीमान् वडा अध्यक्षज्यूहरु एवम् नगर कार्यपालिका सदस्यज्यूहरु सबै वडा (१० जना),
श्रीमान नगर कार्यपालिकाका सदस्यज्यूहरु सबै (८ जना),
श्रीमान् विषयगत समितिका संयोजक ज्यू लगायत पदाधिकारी सदस्यजयूहरु,
श्रीमान् न.पा. अन्तरगत सबै विषयगत समिति/न.पा. अन्तरगतको नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिका सयोजक ज्यू लगायत सबै पदाधिकारी सदस्य जयूहरु,
श्री राइनास न.पा. नगरकार्यपालिकाको कार्यालय अन्तरगतका सबै विषयगत शाखाहरु/अन्य शाखाहरु/कार्यक्रम योजना परियोजनाहरु,
श्री वडा सचिव ज्यूहरु(सबै वडा कार्यालय),
राइनास नगरपालिका, लमजुङ ।

प्रस्तुत विषयमा मिति २०८०।७।१३ गतेको राइनास नगरपालिका नगरकार्यपालिकाको ३७ औं बैठकबाट भएका निर्णयहरु(पेज संख्या २८) सम्पुर्ण जनप्रतिनिधी तथा कर्मचारी ज्यूहरुलाई जानकारी एवम् कार्यान्वयनको लागि यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा सादर अनुरोध छ ।

२०८०।७।२४

(प्रकाशराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ :

श्री प्रशासन शाखा, राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालय, तीनपिप्ले :- बैठकबाट भएका निर्णयहरु प्रतिलिपि उतार गरी प्रमाणित गरी राख्नु हुन ।

श्री सूचना प्रविधि शाखा, राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालय, तीनपिप्ले :- २८ पेजको निर्णय माथि उल्लेखित पदाधिकारीहरु,वडा कार्यालयहरु, विषयगत शाखाहरुमा इमेल गरी आजै पठाउनुहुन र वेवसाइटमा अपलोड गरिदिनुहुन ।

२०८०।७।२४

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

३७ औं बैठक

आज मिति २०८० कार्तिक १३ गते सोमवारका दिन विहान ठीक ११:३० बजे राइनास नगरपालिकाको बैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ३७ औं नियमित बैठक बसी पूर्व निर्धारित छलफलका विषयसूची (Agendas) उपर विस्तृत छलफल भई निम्नानुसार निर्णय समेत भयो।

उपस्थितिः

नगर प्रमुख खड्ग बहादुर गुरुङ -अध्यक्ष
उप प्रमुख पुष्पराज खनाल -सदस्य
वडा नं. १ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य विष्णु प्रसाद पौडेल -सदस्य
वडा नं. २ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण शाही -सदस्य
वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य देउ बहादुर पौडेल -सदस्य
वडा नं. ४ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य बलराम परांजुली -सदस्य
वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य शङ्ख बहादुर सार्की -सदस्य
वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य गोविन्द चिलुवाल -सदस्य
वडा नं. ७ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य मोहनलाल श्रेष्ठ -सदस्य
वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य कृष्ण बहादुर रानाभाट -सदस्य
वडा नं. ९ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लुविन्द्र गुरुङ -सदस्य
वडा नं. १० का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण गुरुङ -सदस्य
नगर कार्यपालिका सदस्य नानुमाया लामा -सदस्य
नगर कार्यपालिका सदस्य सोचना लौडारी -सदस्य
नगर कार्यपालिका सदस्य कल्पना सुनार -सदस्य
नगर कार्यपालिका सदस्य दिलमाया गुरुङ -सदस्य
नगर कार्यपालिका सदस्य चन्द्रावती पन्थी -सदस्य
नगर कार्यपालिका सदस्य सुक बहादुर कामी -सदस्य
नगर कार्यपालिका सदस्य विन्दु वि.रु. -सदस्य
नगर कार्यपालिका सदस्य विमला कुमाल -सदस्य
प्र.प्र.अ. प्रकाशराज पौडेल सदस्य सचिव

अन्य उपस्थितिः

आमन्त्रित सदस्यः शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखः पूर्ण बहादुर अछामी
वैठक व्यवस्थापकः विनम्रता न्यौपाने
आर्थिक प्रशासन शाखा प्रमुखः विशाल सुवेदी
निर्णय लेखन सहयोगीः विष्णु प्रसाद आचार्य
इन्जिनियर : राम प्रसाद [illegible]

निर्णय नं. १.

राइनास नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०६/१८ गतेको ३६ औं बैठकबाट भएका १८ वटा निर्णयहरुको सम्बन्धमा आजको बैठकमा समीक्षा/पुनरावलोकन(Review) भयो। मिति २०८०/०६/१८ गतेको ३६ औं बैठकबाट भएका १८ वटा निर्णयहरु मध्ये ८ वटा निर्णयहरु (निर्णय नं. २, ४, ७, ८, ११, १२, १५ र १९) नियमित कार्यान्वयन भईरहेको र नियमित रुपमा निरन्तर कार्यान्वयन हुने (भइरहने), ४ वटा निर्णयहरु (निर्णय नं. ३, ५, ६ र १४) कार्यान्वयन भईसकेको र ६ वटा निर्णयहरु (निर्णय नं. ९, १०, १३, १६, १७ र १८) कार्यान्वयन हुने क्रममा रहेकोले ६ वटा निर्णयहरु क्रमशः छिटो कार्यान्वयन गर्न नगरपालिका अन्तरगतका विषयगत समितिहरु, नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका सम्बन्धित शाखा प्रमुखहरुलाई निर्देशन दिने निर्णय समेत भयो।

निर्णय नं. २.

राइनास नगरपालिका अन्तरगतका १० वटा वडाहरुको चालु आ.व. ०८०/८१ को चालु प्रशासनिक खर्च राइनास नगरपालिकाको आ.व. ०८०/८१ को १२ औं नगरभाको अधिवेशन बैठकबाट स्वीकृत आ.व. ०८०/८१ को नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका सबै वडाहरुलाई समेत गरी एकमुष्ठ रुपमा विनियोजन भएको वार्षिक वजेटको निम्न शीर्षकहरुबाटै वार्षिक रुपमा निम्नानुसार विनियोजन गर्ने निर्णय भयो/साथै बार्षिक रुपमा निम्नानुसार विनियोजन भएको वडाको चालु प्रशासनिक खर्च राइनास नगरपालिकाको आगामी १३ औं अधिवेशन बैठक पुरक बजेट अधिवेशन बैठकबाट वा आ.व. ०८१/८२ को १४ औं अधिवेशन बैठकबाट अनिवार्य स्वीकृत (अनुमोदन) गर्ने गरी समावेश गर्ने र निम्नानुसार वडाको वार्षिक बजेटको परिधिभित्र रही त्रैमासिक रुपमा वडाबाटै ब्रेकडाउन गरी नियमानुसार खर्च गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय भयो।

निम्नः

क्र.सं.	खर्च शीर्षक	खर्च शी.नं.	मासिक अधिकतम खर्च	वार्षिक खर्च शीर्षक	अन्य थप व्यहोरा	कैफियत
१	मसलन्द तथा कार्यालय सामग्री	२२३११	५०००	६००००		नगर कार्यपालिकाको वार्षिक वजेट कटौती भई सरन्डर गर्नु पर्ने अवस्थामा सोही अनुसार तथा घट्न सक्ने
२	विविध खर्च	२२५२९	५५००	६६०००		नगर कार्यपालिकाको वार्षिक वजेट कटौती भई सरन्डर गर्नु पर्ने अवस्थामा सोही अनुसार तथा घट्न सक्ने
३.	इन्धन खर्च	२२२१२	१८००	२१६००	नगर कार्यापालिकाको ३६ औं बैठकको निर्णयानुसार मासिक १० लि. वडा कार्यालय	नगर कार्यपालिकाको वार्षिक वजेट कटौती भई सरन्डर गर्नु पर्ने अवस्थामा सोही अनुसार तथा घट्न सक्ने

CamScanner

४.	सञ्चार	२२११२	२००	२४००	-	नगर कार्यपालिकाको वार्षिक वजेट कटौती भई सरन्डर गर्नु पर्ने अवस्थामा सोही अनुसार तथा घट्न सक्ने
५.	सवारी साधन मर्मत खर्च	२२२१३	१६६५	२००००	नगर कार्यपालिकाको ३६ औं वैठकको निर्णायानुसार	नगर कार्यपालिकाको वार्षिक वजेट कटौती भई सरन्डर गर्नु पर्ने अवस्थामा सोही अनुसार तथा घट्न सक्ने
६.	भ्रमण खर्च	२२६१२	०	३००००	-	नगर कार्यपालिकाको वार्षिक वजेट कटौती भई सरन्डर गर्नु पर्ने अवस्थामा सोही अनुसार तथा घट्न सक्ने
७.	पानी तथा बिजुली	२२१११	बिल अनुसार	बिल अनुसार	-	नगर कार्यपालिकाको वार्षिक वजेट कटौती भई सरन्डर गर्नु पर्ने अवस्थामा सोही अनुसार तथा घट्न सक्ने
	जम्मा		१३६६५	१९४०००	पानी र बिजुली बिल अनुसार	नगर कार्यपालिकाको वार्षिक वजेट कटौती भई सरन्डर गर्नु पर्ने अवस्थामा सोही अनुसार तथा घट्न सक्ने

निर्णय नं. ३

राइनास नगरपालिका अन्तरगत आ.व. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सन्चालन/कार्यान्वयन गर्ने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) आ.व. ०८०/८१ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सन्चालन कार्यविधि २०७७ अनुसार आ.व. ०८०/८१ को स्वीकृत बजेट बमोजिम निम्न कार्यक्रम सन्चालन कार्यान्वयनका लागि आ.व. ०८०/८१ मा निम्नानुसार वडा छनोट गर्ने र यस अघि विगत आ.व. ०७९/८० मा निम्न बमोजिम वडा छनोट भई कार्यक्रम सन्चालन/कार्यान्वयन भइसकेका निम्न वडाहरुका समूहमा वा लाभग्राही लक्षित सम्भावित उद्यमीहरुलाई एड्भान्स सीपमूलक, सीप विकास स्तरोन्नती तालिम कार्यक्रम र माग अनुसार प्रविधि हस्तान्तरण कार्यक्रम सन्चालन/कार्यान्वयन गर्ने निर्णय भयो।

निम्नः

क्र.सं.	आ.व.अ०८०/८१ मा नयाँ उद्यमी सिर्जनाका लागि छनोट गरिएका वडाहरु पुराना आ.व. ०७९/८० मा छनोट भएका वडाहरुमा एडभान्स स्तरोन्नती सीप विकास तालिम सन्चालन गर्ने वडाहरु	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सन्चालन कार्यविधि २०७७ अनुसारको परिधिभित्र र आ.व. ०८०/८१ को स्वीकृत बजेटको परिधिभित्र रही गर्नुपर्ने कार्यक्रम
१.	वडा नं. ६ र २	छनोट भएका वडाहरुमा सामाजिक परिचालनको माध्यमबाट सामाजिक स्रोत नक्शा, लक्षित लाभग्राही वर्गको घर धुरी सर्भेक्षण

		(A B फारम भरी) विपन्न, दलित आदिवासी जनजाती, वेरोजगार युवा युवती, विदेशबाट फर्कीएका वेरोजगार विपन्न युवा युवती लक्षित (१६ देखि ४० वर्ष सम्मका) वर्गलाई नयाँ उद्यमी सिर्जनाको लागि आवश्यक सीपमूलक तालिम, युवा उद्यमी सचेतना तालिम, व्यवासय शुरु तालिम (SYB) सिप विकास तालिम (साबुन वनाउने तालिम)
२.	वडा नं. ९, १० र १ (यस अघि आ.व. ०७९/८० मा नै छनोट भई आ.व. ०८०/८१ मा पुराना लक्षित उद्यमी लाभग्राहीहरुलाई (समूहमा लाभग्राहीलाई)	यस अघि आ.व. ०७९/८० मा वडा छनोट भई कार्यक्रम सन्चालन भइसकेका वडाहरुमा यस आ.व. ०८०/८१ मा (पहिल्यै आ.व. ०७९/८० मा नै तालिम लिइ सकेका) लक्षित लाभग्राही उद्यमीहरुलाई एडभान्स (स्तरोन्नती) सिप विकास उद्यम तालिमका कार्यक्रमहरु (लक्षित लाभग्राहीहरुवाट छनोट भएको रुची र माग निवेदन अनुसार) र लक्षित लाभग्राहीहरुवाट छनोट भएको रुची र माग निवेदन लक्षित लाभग्राहीहरुको समूहलाई प्रविधि हस्तान्तरण कार्यक्रम)

निर्णय नं. ४

४.१ प्रस्ताव नं. ४ अनुसार बिस्तृत छलफल गर्दा राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८०/०५/०७ गते र मिति २०८०/०५/०८ गते प्रकाशित सार्वजनिक शिलवन्दी बोलपत्र सम्वन्धी सार्वजनिक सूचना अनुसार पेश भई दर्ता भएका मिति २०८०/०६/०७ मा र मिति २०८०/०६/०८ मा खोली मुचुल्कासम्म गरिएका तर आर्थिक तथा प्राविधिक प्रस्तावको मूल्याङ्कन नभएका तपसिलमा उल्लिखित विवरण अनुसारका आयोजनाहरुको चालु आ.व. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा तपसिल बमोजिम अत्यन्त न्यून बजेट विनियोजन भएका स्वीकृत वार्षिक कार्यक्रममा स्वीकृत लागत अनमान अनुसार स्रोत पूर्ण रुपमा सुनिश्चित समेत नभएका तपशिल बमोजिमका विवरण अनुसारका आयोजनाहरुको आ.व. ०८०/८१ मा विनियोजन भएको बजेट रकममा नपुग बजेट रकम तपशिल अनुसार आ.व. ०८०/८१ को स्वीकृत वार्षिक बजेटको समपुरक कोषबाट वा आ.व. ०८०/८१ को नगरपालिकाको स्वीकृत वार्षिक बजेटको अन्य जुनसुकै शीर्षकबाट स्रोतान्तर वा रकमान्तर गरी वा आ.व. ०७९/८० को बचत बजेटबाट यसै आ.व. २०८०/८१ मा तपशिल अनुसार नपुग बजेट विनियोजन सहित स्रोत सुनिश्चित गरी तपशिल बमोजिमका आयोजनाहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कन कार्य २०८०/०६/१४ देखि नै अगाडि बढाउने र आ.व. ०८०/८१ मा तपशिल बमोजिमको विवरण अनुसार आयोजनाहरुको लागि नपुग हुन आउने तपशिल अनुसारको नपुग बजेट आगामी ०८०/०८१ को १३ औं नगर सभाबाट र आ.व. ०८०/८१ को १४ औं नगर सभाबाट आ.व. ०८१/८२ मा अनिवार्य विनियोजन गरी आ.व. ०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा अनिवार्य समावेश गर्ने गरी बहुवर्षिय क्रमागत रुपमा कार्यान्वयन गर्ने गरी स्वीकृत गर्ने र सो को प्रतिबद्धता समेत गर्ने निर्णय भयो। साथै माथि उल्लेखित भए बमोजिम तपशिल बमोजिमको विवरण अनुसारका आयोजनाहरुको आ.व. ०८०/८१ र आ.व. ०८१/८२ मा बहुवर्षिय क्रमागत रुपमा सन्चालन कार्यान्वयन गर्ने गरी तपसिल बमोजिमका बजेट तथा कार्यक्रम (स्रोत सुनिश्चितता सहित बहुवर्षिय खरिद योजना समेत स्वीकृत गरी) तपसिल बमोजिम स्वीकृत गर्ने निर्णय भयो र माथि उल्लेख भए बमोजिम तपशिल बमोजिमका विवरण अनुसारका आयोजनाहरुको आर्थिक तथा प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्ने निर्णय भयो।

तपशील

क्र. सं.	शिलबन्दी बोलपत्रको प्रकाशित सूचना बमोजिमको ठेक्का नं.	शिलबन्दी बोलपत्र प्रकाशित भई मुचुल्का समेत भइसकेका तर आर्थिक तथा प्राविधिक प्रस्तावको मुल्याङ्कन नभइ सकेका आयोजनाको नाम	शिलबन्दी बोलपत्र प्रकाशित मिति	शिलबन्दी बोलपत्र गरी मुचुल्का भएको मिति	शिलवन्दी बोलपत्रको ठेक्काको सूचना निकाल्दाको स्वीकृत लागत अनुमान रु	स्रोत सुनिश्चितता सहित आ.व. ०८०/८१को वार्षिक वजेट तथा कार्यक्रममा विनियोजित भएको अति न्यून बजेट	स्रोत सुनिश्चितता नभएका नपुग बजेट (स्वीकृत ल.ई. अनुसार)	स्वीकृत लागत अनुमान अनुसार स्रोत सुनिश्चितता नभएको नपुग बजेट रु	नगरपालकाको १३ औं नगर सभाबाट स्वीकृती अनुमोदन गरी समपुरक कोष वा अन्य जुनसुकै आ.व. ०८०/८१ मा स्रोत सुनिश्चितता सहित थप गरी स्वीकृत गरिएको नपुग बजेट रु.	नगरपालिकाको १४ औं नगर सभाबाट आ.व. ०८१/८२ मा अनिवार्य वहुवर्षिय क्रमागत रुपमा स्रोत सुनिश्चितता सहित अनिवार्य बजेट तथा कार्यक्रम स्वीकृत गरी विनियोजन गर्नुपर्ने बजेट रु.	वहुवर्षिय क्रमागत रुपमा आ.व. ०८०/८१ र आ.व. ०८१/८२ मा सन्चालन/कार्यान्वयन गर्ने गरी स्रोत सुनिश्चितता सहितको कुल स्वीकृत गरिएको बजेट रु
१	RAINAS/NCB/W/02 /080-081	वडा नं. १ को कार्यालय भवन निर्माण	२०८०/०५ /०७	२०८०/०६/ ०७	१५७७६७४६.७ ३	२५,००,०००/-	१३२७६७४६. ७३	संघीय समानिकरण	७२,००,०००/-	६०,७६,७४६.७३	१५७७६७४६.७३
२	RAINAS/NCB/W/03 /080-081	वडा नं. ६ को कार्यालय भवन निर्माण	२०८०/०५ /०८	२०८०/०६/ ०८	१०३६९३०१.३	२५,००,०००/-	७८६९३०१.३ ०	संघीय समानिकरण	३५,००,०००/-	४३,६९,३०१.३०	१०३६९३०१.३

माथि उल्लेखित २ वटा वहुवर्षिय क्रमागत आयोजनाहरु आ.व. ०८०/८१ को र आ.व. ०८१/८२ को न.पा.को स्रोत, वित्तिय समानिकरण अनुदानबाट व्यहोर्ने र वडा नं. ६ को वडा कार्यालय भवन निर्माण आयोजनाको जग्गा मिति २०८०/०८/०८ सम्म ६ नं. वडाको नाममा जग्गा व्यवस्था नभएमा उक्त योजनाको आर्थिक तथा प्राविधिक प्रस्ताव मुल्याङ्कन नगर्ने समेत निर्णय भयो।

CamScanner

४.२ पुर्व निर्धारित प्रस्ताव नं. ४ उपर विस्तृत छलफल गर्दा राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८०/०५/०७ गते, २०८०/०५/०८ गते र मिति २०८०/०५/१४ गते प्रकाशित सार्वजनिक शिलबन्दी बोलपत्र सम्बन्धी सार्वजनिक सुचना अनुसार पेश भई दर्ता भएका तपशिल बमोजिमका विवरण अनुसारका प्राविधिक तथा आर्थिक प्रस्तावहरु सहितको शिलबन्दी बोलपत्रहरु मिति २०८०/०६/०७ मा, मिति २०८०/०६/०८ मा र मिति २०८०/०६/०८ मा र मिति २०८०/०६/१४ मा उल्लिखित विवरण अनुसारका योजनाको चालु आ.व.०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा (५०/५०% लागत साझेदारीमा) सन्चालन गर्ने गरी वजेट स्रोत सहितको सुनिश्चितता अत्यन्त न्यून भएका (स्वीकृत लागत अनुपातमा), समय सिमा आ.व.०८०/८१ सम्म मात्र कार्यान्वयन गर्नुपर्ने सङ्घीय सरकार समपुरक अनुदान तर्फका तपशिलको विवरण अनुसारको स्रोत सुनिश्चितता सहित वजेट तपशिल बमोजिम अत्यन्त न्यून भएका आयोजनाको, नेपाल सरकार विशेष अनुदानतर्फका समयसीमा वढीमा आ.व.०८०/८१ देखि आ.व.०८२/८३ सहित ३ बर्ष मात्र भएका तपशिल बमोजिमका विवरण अनुसारका आयोजनाको स्रोत सुनिश्चितता सहितको आ.व.०८०/८१ को बार्षिक वजेट अत्यन्त न्यून भएका आयोजनाहरुको र आ.व. ०८०/८१ को वजेट तथा कार्यक्रममा नै समावेश भई स्वीकृत नै नभएको आ.व. ०८०/८१ मा स्रोत सुनिश्चितता सहित वजेट नै नभएको तपशिल बमोजिमको विवरण अनुसारको आयोजनाको सम्बन्धमा पर्न आएका शिलबन्दी दरभाउपत्रको प्राविधिक प्रस्तावहरुको मूल्याङ्कन कार्य न. पा. वैठकको आजको मितिबाट अर्को व्यवस्था नभएसम्मको लागि ७ दिनसम्म मुल्याङ्कन नगर्ने र माथि उल्लेख भए बमोजिम तपशिलको विवरण अनुसारका ३ वटा आयोजनाहरुको स्वीकृत लागत अनुमान बमोजिमको थप नपुग वजेट माग गर्न र पुरै वजेटको स्रोत सुनिश्चितता सहितको वजेट माग गर्न नेपाल सरकार अन्तरगतका सम्बन्धित निकायमा नगर प्रमुख, नगर उपप्रमुख, रा.न.पा. भौतिक पुर्वाधार समितिका संयोजक, वडा नं.७ का वडा अध्यक्ष र वडा नं. ३ र ४ का वडा अध्यक्ष सहितको जनप्रतिनिधिहरु गई मिति २०८०/०७/२२ गते सम्ममा स्रोत सुनिश्चितताको पत्र र वजेटको व्यवस्था गर्ने र मिति २०८०/०७/२२ गतेसम्ममा माथि उल्लेख भए बमोजिम तपशिल बमोजिमको विवरण अनुसार आयोजनाको स्रोत सुनिश्चितता सहितको वजेट व्यवस्था भएमा सोही अनुसार तपशिल बमोजिमका विवरण अनुसारका आयोजनाहरुको प्राविधिक प्रस्तावको मुल्याङ्कन लगायत नियमानुसार आर्थिक प्रस्तावको मुल्याङ्कन गर्ने र मिति २०८०/०७/२२ गते सम्ममा स्रोत सुनिश्चितता सहित बजेट व्यवस्था हुन नसक्ने अवस्था भएमा तपशिल बमोजिमको विवरण अनुसारका आयोजनाहरुको नगर कार्यपालिकाको आगामी (यस पछि लगतै हुने) वैठकमा छलफल गरी प्राविधिक प्रस्तावकको मूल्याङ्कन गर्ने? नगर्ने? वा पहिलेको ठेक्का रद्द गरी पुनः स्रोत सुनिश्चितता र वजेटको अधारमा पुनः ठेक्का सूचना गर्ने सम्बन्धमा टुङ्गो लगाउने गरी निर्णय गर्ने निर्णय भयो।

तपशिल

तपसिल

क्र. सं.	शिलबन्दी बोलपत्रको प्रकाशित सूचना बमोजिमको ठेक्का नं.	शिलबन्दी बोलपत्र प्रकाशित भई मुचुल्का समेत भइसकेका तर मुल्याङ्कन नभएका आयोजनाको नाम	शिलबन्दी बोलपत्र प्रकाशित मिति	शिलबन्दी बोलपत्र खोलेको मिति	ठेक्काको सूचना निकाल्दाको स्वीकृत लागत अनुमान रु	स्रोत सुनिश्चितता सहित आ.व. ०८०/८१मा विनियोजित बजेट	स्रोत सुनिश्चितता नभएका नपुग बजेट	अति न्यून स्रोत सुनिश्चितता भएका बजेटको व्यहोरिने स्रोत	आयोजना कार्यान्वयन समय र सक्नुपर्ने सिमा	अन्य थप कैफियत विवरण
१	RAINAS/NCB/W/01/ 080-081	बगरगाँउ उपल्लोफाँट टुडाबगर ठूलो बगैंचा घर्तीगाँउ जुडिखेत पाँडेबेसी सडक	२०८०/०५/०७	२०८०/०६/०७	४०८५६८६६.०७	८००००००	३२८५६८६६.०७	संघिय समपुरक अनुदान	आ.व. २०७९/८० र २०८०/८१ गरी जम्मा २ वर्ष	स्रोत पुरै सुनुश्चित नभएको, आ.व. २०८०/८१को बजेट तथा कार्यक्रममा पर्याप्त समपुरक कोष नभएको , समय अवधि चालु आ.व. २०८०/८१मा सम्पन्न गरिसक्नुपर्ने भएको आ.व. ०८०/८१ मा स्रोत सुनिश्चितता सहित नपुग थप बजेट न.पा.बाट २०८०/०७/२२ सम्ममा गरिसक्नुपर्ने अन्यथा पहिलेको ठेक्का रद्द गरि पुन, रु १ करोड ६० लाख को मात्र शिलबन्दी बोलपत्र प्रकाशित गर्नुपर्ने।
४	RAINAS/NCB/W/04/ 080-081	१५ शैया चक्रतिर्थ अस्पतालमा कम्पाउण्ड बाल गेट वेष्ट वर्नर क्यानटिन र सफाइ ब्लक निर्माण	२०८०/०५/०८	२०८०/०६/०८	४५६१४३९१.३८	०	४५६१४३९१.३८	कुनै पनि निकायबाट स्रोतको व्यवस्था नै नभएको	-	स्रोत पुरै सुनुश्चित नभएको, २०८०/८१ को बजेट तथा कार्यक्रममा नै समावेश नभएकोले मिति २०८०/०७/२२ गते सम्ममा आ.व.०८०/८१ को लागि पुरै स्रोत सुनिश्चतता सहित पुरै बजेट व्यवस्थापन गर्नुपर्ने अन्यथा पुरै ठेक्का रद्द गर्नुपर्ने।
५	RAINAS/NCB/W/05/ 080-081	शौभाग्योदय मा.वि. होस्टेल भवन निर्माण	२०८०/०५/१४	२०८०/०६/१४	७४५०३५९६.९१	५००००००	६९५०३५९६.९१	संघीय विषेश अनुदान	आ.व. २०८०/८१, २०८१/८२ र २०८२/८३ गरी बढीमा जम्मा ३ वर्ष	मिति २०८०/०७/२२ सम्ममा पुरै स्रोत सुनिश्चितता सहित नपुग बजेट व्यवस्थापन गर्नुपर्ने। अन्यथा बढीमा १ करोड ५० लाख को मात्र स्रोत सुनुश्चित भएकोले ठेक्का रद्द गरी पुन स्रोत र बजेट अनुसार लागत अनुमान तयार गरी पुन शिलबन्दी बोलपत्र आव्हान गर्नुपर्ने र आ.व. ०८१/८२ र आ.व. ०८२/८३ को लागि पुन क्रमागत रुपमा आयजना माग गरी १ करोड ५० लाखको आयोजना कार्यान्वयन गर्नुपर्ने/ समयमा कार्यान्वयन नभएमा न.पा.कोस्रोत व्यहोरी कार्यान्वयन गर्नुपर्ने

निर्णय नं. ५

राइनास नगरपालिका वडा नं. ८ स्थित बहुप्राविधिक शिक्षालय जाने बाटो मर्मतको लागि प्राप्त माग निवेदन अनुसार राइनास नगरपालिकाको आगामी आ.व. ०८०/८१को नगर सभाको १३ औं अधिवेशन वैठकबाट बजेटको स्रोत हेरी केही बजेट रकम विनियोजन गर्ने निर्णय भयो।

CamScanner

निर्णय नं. ६

राइनास नगरपालिका वडा नं. ८ स्थित बहुप्राविधिक शिक्षालयको च.नं. ९७ मिति २०८०/०६/१६ को पत्रानुसार कृषि वाली विज्ञानतर्फ अध्ययन गर्ने नगरपालिकाबाट प्रोत्साहन स्वरुप छात्रवृत्ति उपलब्ध गराउने भनी १० वटा वडाबाट छात्रवृत्तीका लागि छनोट भएका तपशिल बमोजिमका विपन्न छात्रछात्राहरुको लागि छात्रवृत्ती रु. ५ लाख उपलब्ध गराउने प्रक्रिया निर्धारण गर्ने सम्बन्धमा आवश्यक कार्यविधि निर्माण गरी स्वीकृतिका लागि आगामी नगर कार्यपालिकाको वैठकमा (विधेयक समिति मार्फत विधेयक स्वीकृतिका लागि पेश गर्ने प्रयोजनका लागि) पेश गर्न निम्न ३ सदस्यीय कर्मचारीहरु रहेको समिति गठन गर्ने निर्णय भयो। उक्त समितिमा आवश्यकतानुसार बहुप्राविधिक शिक्षालयका प्रमुख, सामाजिक विकास समितिका संयोजकलाई आमन्त्रित गरी राय परामर्श लिई निर्माण गर्ने र मिति २०८०/०८/२० गते भित्र राइनास नगरपालिका विधेयक समिति मार्फत स्वीकृतिको लागि नगर कार्यपालिका वैठकमा पेश गर्ने समेत निर्णय भयो।

निम्नः

संयोजकः श्री पूर्ण बहादुर अछामी, उपसचिव दशौं तह राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय, शिक्षा युवा तथा खेलकुद शाखा।

सदस्य सचिवः श्री पूर्ण बहादुर नेपाली, शाखा अधिकृत, अधिकृतस्तर आठौं तह, राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय, शिक्षा युवा तथा खेलकुद शाखा।

सदस्यः श्री कुमारनाथ न्यौपाने स्रोत शिक्षक, राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय, शिक्षा युवा तथा खेलकुद शाखा।

सदस्यः श्री रामकुमार नेपाली प्रा.स. सहायकस्तर पाचौं तह, राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय, शिक्षा युवा तथा खेलकुद शाखा।

निर्णय नं. ७

राइनास नगरपालिका वडा नं. ८ स्थित बहुप्राविधिक शिक्षालयको माग बमोजिम उक्त शिक्षालयको लागि आवश्यक ६ इन्चको २०० मिटर पाइप उपलब्ध गराइदिनको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय वा जलस्रोत सिंचाई विकास डिभिजन कार्यालयमा सिफारिस गरी पठाउने निर्णय भयो।

निर्णय नं. ८

कारागार कार्यालय लमजुङको च.नं. १७४ मिति २०८०/०६/०८ को पत्रानुसार कारागार पोष्ट र खाटको लागि रु. १५०००० माग भई आएको सम्बन्धमा छलफल हुँदा कारागार कार्यालय लमजुङबाट कारागार शाखाको पोष्ट निर्माण र खाटको (फर्निचरको) स्वीकृत लागत अनुमान प्राप्त भएपछि आ.व. ०८०/८१ को नगरपालिकाको आन्तरिक स्रोतको बजेट अवस्था साथै नगरपालिकाको आ.व. ०८०/८१ को प्राप्त उपयुक्त स्रोत खर्च शीर्षक हेरी (बजेट बाँकी देखिएमा) आगामी नगर कार्यपालिकाको वैठकबाट बजेट स्रोतको निर्णय गरी नियमानुसार सम्झौता गरी उपलब्ध गराउने निर्णय भयो।

निर्णय नं. ९

राइनास नगरपालिका क्षेत्रभित्रको सडक सोलार बत्ती मर्मत गर्न अति आवश्यक देखिएकोले राइनास नगरपालिका भौतिक पूर्वाधार समितिका संयोजकज्यू सोलार बत्ती मर्मत सम्भार गर्नुपर्ने वडाका वडा अध्यक्षज्यू र वडा सदस्यज्यूहरु, नगर कार्यापालिकाको कार्यालयका प्राविधिक कर्मचारी, जिन्शी प्रशासन शाखा प्रमुख समेतबाट स्थलगत अनुगमन निरीक्षण गरी सोलार बत्ती बिग्रेको सम्बन्धमा सम्बन्धित क्षेत्रको प्राविधिक विल झिकाइ

CamScanner

सम्बन्धित प्राविधिक विज्ञवाट मर्मत सम्भार इस्टिमेट लिई यथाशिघ्र महान चाडपर्व तिहार र छठ अगाडि आ.व. ०८०/८१ को स्वीकृत बजेट खर्च शीर्षकबाट मर्मत सम्भार गर्ने निर्णय भयो।

निर्णय नं. १०

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय गण्डकी प्रदेश पोखराको प.सं. ०८०/८१ च.नं. १३४ मिति २०८०/०६/२१ को पत्रानुसार यस राइनास नगरपालिका वडा नं. ७ र ८ स्थित चेपेघाट तार्दीखोला मोटरबाटो निर्माण लमजुङ शीर्षकको कार्यक्रम आयोजनाको विस्तृत नाम चेपेघाट घर्तीगाउँ नारिनघाट विशालटार बतासे हर्राबोटचोकदेखि तार्दीखोला रा.न.पा. ७ र ८ रहेको साथै उक्त सडकमा चालु आ.व. ०८०/८१ मा यस नगरपालिकाबाट कुनै पनि बजेट विनियोजन नभएको र उक्त आयोजनाको हालसम्म यस नगरपालिकाबाट विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) नभएको विषय उल्लेख गरी स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय गण्डकी प्रदेश पोखरालाई पत्राचार गर्ने निर्णय भयो।

निर्णय नं. ११

चालु आ.व. ०८०/८१ मा सङ्घीय सरकारबाट र प्रदेश सरकारबाट अन्तर सरकारी वित्तीय हस्तान्तरण कार्यक्रम अन्तरगतका विभिन्न कार्यक्रमतर्फका राइनास नगरपालिकालाई आ.व. ०८०/८१ मा प्राप्त अनुदान कार्यक्रम अनुसारको बजेट तथा कार्यक्रम (पेज १३) आजको वैठकमा सबैलाई जानकारी भयो। साथै राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम (कार्यक्रम कोड ३०८००१०४) तर्फको कार्यक्रम कोड नं. ११.४.२२५९०० नवीकरणीय उर्जा प्रविधि जडान (वायोग्याँस/विद्युतिय चुल्हो/सुधारिएको चुल्हो, साथै उर्जा कार्यक्रम अन्तरगत यस आ.व. ०८०/८१ मा राइनास नगरपालिका अन्तरगत विद्युत सुविधा पुगेका वस्तीमा विपन्न वर्ग, विपन्न दलित आदिवासी जनजाती वर्गका लाभग्राही घरधुरीहरुलाई कार्यविधि मापदण्ड बनाइ स्वीकृत गरी वितरण गर्ने गरी दरभाउपत्र विधि नियमानुसार विद्युतीय चुल्हो खरिद गर्ने समेत निर्णय भयो।

निर्णय नं. १२

राइनास नगरपालिकामा हाल रहेको व्याक हुइ लोडर (जे सि बि) बिग्रेको कारण उक्त व्याक हुइ लोडर मर्मत नभइन्जेलसम्म वडाको विभिन्न मर्मत गर्नुपर्ने आवश्यक आन्तरिक सडकहरु मर्मतको लागि वडाको स्वीकृत बजेट अनुसार उपभोक्ता समितिबाट मर्मत गर्ने निर्णय भयो।

निर्णय नं. १३

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा २२ बमोजिम राइनास नगरपालिकाको नगर सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्ने प्रयोजनको लागि यस अघि गठन भएका नगर सभा अन्तरगतका निम्न विषयगत समितिहरुमा यस अघि विधिवत रुपमा गठन भई पदाधिकारी सदस्यहरु समेत पूर्णता भइसकेकोमा सोही अनुसार नै गर्ने र निम्न विषयगत समितिहरुको समिति गठन र पदाधिकारी नियमानुस। रा पूर्णता नभएकोमा निम्नानुसार पूर्णता दिने निर्णय भयो र आगामी नगर सभाको १३ औं अधिवेशन वैठकबाट सो को अनुमोदन गर्ने निर्णय भयो।

निम्नः

१३.२ सुशासन समिति संयोजकः

सदस्यः

सदस्यः

सदस्यः

सदस्य सचिवः

१३.२

विधायन समिति संयोजकः

सदस्यः

सदस्यः

सदस्यः

सदस्य सचिवः

१३.३

अर्थ तथा सार्वजनिक लेखा समिति संयोजकः श्री देउ बहादुर पौडेल, वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य एवं नगर सभा सदस्य

सदस्यः श्री कृष्ण बहादुर रानाभाट, वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य एवं नगर सभा सदस्य

सदस्यः नानुमाया लामा, नगर कार्यपालिका सदस्य एवं नगर सभा सदस्य

सदस्यः साबित्री गिरी वडा नं. ७ वडा सदस्य एवं नगर सभा सदस्य

सदस्य सचिवः विशाल सुवेदी, राइनास नगरपालिका, नगर कार्यापालिकाको कार्यालयका लेखा शाखा प्रमुख

निर्णय नं. १४

राइनास नगरपालिकाको आ.व. ०८०/८१ को नगर सभाको १२ औं अधिवेशनबाट स्वीकृत नगर कार्यपालिकाको कार्यालयबाट विभिन्न खरिद विधिबाट आ.व. ०८०/८१ मा सन्चालन/कार्यान्वयन गर्ने सालवसाली बहुवर्षिय/क्रमागत वडास्तरीय/नगरस्तरीय र कार्यक्रमस्तरीय आयोजना तथा कार्यक्रमहरु देहाय अनुसारको मितिसम्ममा सम्झौता गरी देहाय अनुसारको मितिमं सम्पन्न गर्ने निर्णय भयो।

देहायः

१४.१ यस अघिको ३६ औं वैठकबाट निर्णय भए अनुसार उपभोक्ता समितिबाट आ.व. ०८०/८१ मा सन्चालन/कार्यान्वयन गर्ने आयोजनाहरुको बढीमा मिति २०८० फागुन मसान्तसम्ममा अनिवार्य डि.पि.आर., सर्भे, लागत अनुमान तयार गरी सम्झौता गरी कार्यादेश दिने सो भन्दा पछिको समयमा सम्झौता नगर्ने, अनिवार्य वढीमा २०८० साल जेठ मसान्त सम्ममा सम्पन्न गर्ने र भुक्तानी लिइसक्नु पर्ने अन्यथा भुक्तानी नगर्ने

१४.२ यस अघिको ३६ औं वैठकबाट निर्णय भए अनुसार शिलबन्दी बोलपत्र, शिलबन्दी दरभाउपत्र बिधिबाट आ.व. ०८०/८१ मा सन्चालन/कार्यान्वयन गर्ने भौतिक पूर्वाधार सालबसाली तर्फका सबै आयोजनाहरुको वढीमा २०८० पौष मसान्त भित्र अनिवार्य डि.पि.आर., सर्भे, लागत अनुमान सहित इ विड डकुमेन्टेशनहरु तयार गरी ठेक्का सूचना आव्हान गरी बढीमा २०८० फागुन १ गते भित्र अनिमावर्य सम्पन्न गरी भुक्तानी गरिसक्नुपर्ने।

१४.३ यस अघिको ३६ औं वैठकबाट निर्णय भए अनुसार आ.व. ०८१/८२ देखि बढीमा आ.व.०८३/८४ सम्ममा सन्चालन/कार्यान्वयन गर्ने भौतिक पूर्वाधारतर्फका सबै बहुवर्षिय, क्रमागत आयोजनाहरुको बढीमा २०८० साल पौष मसान्तभित्र अनिवार्य डि.पि.आर. सर्भे लागत अनुमान सहित इ बिड डकुमेन्टेशन तयार गरी (स्रोत सुनिश्चितता, आ.व. ०८०/८१ मा प्राप्त बजेट र आ.व. ०८१/८२ र आ.व. ०८२/८३ म प्रस्ताव माग गरी प्राप्त हुने स्रोत सुनिश्चितता र बजेट समेतलाई ख्याल गरी) आ.व. ०८०/८१ मा ठेक्का

सूचना आव्हान गरी बढीमा २०८० साल आषाढ १५ गतेभित्र अनिवार्य (आ.व. ०८०/८१ को प्राप्त बजेट अनुसार) अनिवार्य सम्पन्न गरी भुक्तानी गरिसक्नु पर्ने।

१४.४ विषयगत शाखा, कार्यक्रम आयोजना परियोजनातर्फबाट आ.व. ०८०/८१ मा सन्चालन/कार्यान्वयन गर्ने भौतिक पूर्वाधारतर्फ सालवसाली आयोजनाहरुको बढीमा २०८० साल पौष मसान्तसम्म डि.पि.आर., सर्भे, लागत अनुमान सहित इ विड डकुमेन्टेशन तयार गरी ठेक्का सूचना आव्हान गरी बढीमा २०८० फागुन १ गतेबाट सम्झौता गरी कार्यादेश दिइ बढीमा २०८० साल जेठ मसान्त सम्म अनिवार्य सम्पन्न गरी भुक्तानी गरिसक्नु पर्ने साथै माथि उल्लेख भए बमोजिम अन्य कार्यक्रमहरुको बढीमा मिति २०८० मंसिर मसान्तसम्म कार्यान्वयन कार्ययोजना बनाई त्रैमासिक लक्ष्य अनुसार बढीमा २०८१ जेठ मसान्तसम्म सम्पन्न गरी भुक्तानी गरिसक्नु पर्ने साथै माथि उल्लेख भए बमोजिम अन्य कार्यक्रमहरुको बढीमा मिति २०८० मंसिर मसान्त सम्म कार्यान्वयन कार्ययोजना बनाई त्रैमासिक लक्ष्य अनुसार बढिमा २०८१ जेष्ठ मसान्तसम्म सम्पन्न गरी भुक्तानी गरिसक्नुपर्ने।

निर्णय नं. १५

राइनास नगरपालिकाको वडा नं. ९ मोहोरियाकोटस्थित भक्तिपार्क स्थल परिसरमा हेलिप्याड निर्माण गर्ने गरी सो स्थान छनोट गर्ने निर्णय भयो। सो को जानकारी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा नेपाल र जिल्ला प्रशासन कार्यालय लमजुङमा पठाउने निर्णय भयो।

निर्णय नं. १६

राइनास नगरपालिका, नगर कार्यपालिकाको यस अघि भएको विभिन्न वैठकको निर्णयानुसार राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट करार सेवा सम्झौता गरी करार सेवामा कामकाज गर्दै आएको (नियुक्त भएका) तपशिल बमोजिमका अधिकृतस्तरका प्राविधिक कर्मचारी, सहायकस्तरका प्राविधिक कर्मचारी, वभिन्न कार्यक्रमतर्फका अधिकृतस्तरका कर्मचारी, स्वास्थ्यतर्फका अधिकृतस्तर, सहायकस्तरका प्राविधिक कर्मचारी लगायत सवै सहायक स्तरका कर्मचारी र सहायकस्तरका कर्मचारी, अस्थायी (करार) वडा सचिव लगायत वडाका अन्य कर्मचारी, उद्यम विकास सहजकर्ता, हलुका सवारी चालक, हेभी सवारी चालक, कम्प्युटर अपरेटर, सामाजिक परिचालिका, कार्यालय सहयोगी, सामाजिक सुरक्षा सुदृढीकरण आयोजनातर्फका एम आइ एस अपरेटर, फिल्ड सहायक, रोजगार संयोजक, रोजगार सहायक, रोजगार प्राविधिक सहायक, हेभी सवारी चालक सहयोगी अपरेटर (श्रेणीविहिन) आदि करार सेवामा कामकाज गर्दै आएका तपसिल बमोजिमका कर्मचारीहरुको करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्वन्धी मापदण्ड २०७८ को परिच्छेद ३ को प्रकरण नं. १० बमोजिम कार्यसम्पादन मूल्याङ्कनको लागि तपशिल बमोजिम सुपर्यवेक्षण र पूनरावलोकनकर्ता तोक्ने निर्णय भयो। साथै माथि उल्लेख भए बमोजिम तपसिल बमोजिमका करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको लागि करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कनको लागि करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड २०७८ को परिच्छेद ३ को प्रकरण नं. ११ बमोजिम तपशिल बमोजिमका संयोजक र सदस्यहरु रहने गरी पुनरावलोकन समिति गठन गर्ने समेत निर्णय भयो।

तपसिलः

१६.१ स्वास्थ्यतर्फका छैटौं तहसम्मका अधिकृतस्तर प्राविधिक कर्मचारी र स्वास्थ्यतर्फका अन्य प्राविधिक सहायकस्तरका कर्मतारी, कृषि सेवा र पशु सेवातर्फका सहायकस्तरका कर्मचारी, कृषि सेवा र पशु सेवा

तर्फका सहायकस्तरका प्राविधिक कर्मचारी बाहेक अधिकृतस्तरका सबै प्राविधिक कर्मचारीहरुको प्राविधिक कर्मचारीहरुको, अन्य कार्यक्रम, आयोजना, परियोजनातर्फका सबै प्राविधिक/अप्राविधिक अधिकृतस्तरका कर्मचारीहरुको रोजगार संयोजकको, एम आइ एस अपरेटर, उद्यम विकास सहजकर्ता, कम्प्युटर अपरेटर, फिल्ड सहायक, रोजगार सहायक, रोजगार प्राविधिक सहायक, अस्थायी (करार) वडा सचिव र वडाका अन्य कर्मचारीहरु, सामाजिक परिचालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका सबै कार्यालयक सहयोगीहरु, हलुका सवारी चालक, हेभी सवारी चालक अपरेटर सहयोगीको सुपरीवेक्षक प्रशासन अधिकृत, अधिकृतस्तर सातौं तह श्री शर्मिला अधिकारी

१६.२ कार्यालय सहयोगी बाहेक स्वास्थ्यतर्फका सबै प्राविधिक कर्मचारीहरुको (स्वास्थ्यतर्फका सहायकस्तर चौथो देखि अधिकृतस्तर छैटौं तहसम्मको) सुपरीवेक्षक स्वास्थ्य शाखा प्रमुख (अधिकृतस्तर सातौं प्राविधिक) श्री नानीबाबु ढकाल।

१६.३ कार्यालय सहयोगी कृषि सेवा र पशु सेवातर्फका अधिकृतस्तर कर्मचारी बाहेक कृषि सेवा र पशु सेवातर्फका सहायकस्तरका सबै कर्मचारीहरुको सुपरीवेक्षक- पशुसेवा शाखा (अधिकृतस्तर छैटौं तह प्राविधिक) श्री शिवबाबु देवकोटा

१६.४ माथि उल्लेखित निर्णयको बुँदा नं. १६.१, १६.२, १६.३ अनुसारका सबै कर्मचारीहरुको पुनरावलोकनकर्ता शिक्षा शाखा अधिकृतस्तर आठौं तह) श्री पूर्ण बहादुर नेपाली

१६.५ माथि उल्लेखित निर्णयको बुँदा नं. १६.१ अनुसारका कर्मचारीहरुको पुनरावलोकन समिति निम्नानुसार हुने गरी निर्णय भयो।

संयोजकः उपसचिव (अधिकृतस्तर दशौंतह) श्री पूर्ण बहादुर अछामी

सदस्यः शाखा अधिकृत (अधिकृतस्तर आठौं तह) श्री पूर्ण बहादुर नेपाली

सदस्यः प्रशासन अधिकृत (अधिकृतस्तर सातौं तह) श्री शर्मिला अधिकारी

१६.६ माथि उल्लेखित बुँदा नं. १६.२ अनुसारका कर्मचारीहरुको पुनरावलोकन समिति निम्नानुसार रहने निर्णय भयो।

